अन्तिम लेखापरीक्षण प्रतिवेदन

बबई गाउँपालिका
दाङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

बबई गाउँपालिका

दाङ

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

बबई गाउँपालिका

दाङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ। एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन। अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

महालेखापरीक्षक

२०८१।२।११

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(लुम्बिनी प्रदेश)

मितिः २०८१।२।११

प.सं. २०८०।८१

च.नं. ९०

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,

बबई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

दाङ।

१. कैफियत सहितको राय

हामीले बबई गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूचीहरू, एकीकृत आय-व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले बबई गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. बबई गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड ७७ लाख ६४ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.२४ लाख ८१ हजार प्रतिक्रियावाट फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.४५ लाख ५८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३८ लाख ९० हजार, नियमित गर्नुपर्ने रु.१ करोड ५१ लाख ७५ हजार र पेश्की बाँकी रु.१६ लाख ६० हजार रहेको छ। बबई गाउँपालिकाको गत वर्ष सम्म रु.११ करोड १८ लाख ५ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.

१३ करोड ७० लाख ८८ हजार रहेको छ। बबई गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने गंगादेव गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्दा गल्ती कमजोरी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी बबई गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती कमजोरी वा त्रुटी समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका गल्ती कमजोरी वा त्रुटी पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय प्रतिवेदनका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने गल्ती कमजोरी वा त्रुटीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(घनश्याम पराजुली)
नायब महालेखापरीक्षक

बबई गाउँपालिका, दाङ

१. चालु वर्षको बेरुजु २०७९।८०

बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
३६	३१	२७७६५	०	८	२४८१	३६	२३	२५२८३	४५५८	१५१७५	३८९०	०	०	१९०६६	१६६०

२. अद्यावधिक बेरुजु स्थिति २०७९।८०

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बबई गाउँपालिका ,दाङ	१११८०५	०	०	१११८०५	०	२५२८३	१३७०८८

३. बेरुजु सम्परीक्षणको विवरण

आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
२०७९।८०	२१.१,२३,३५,४१,४७,४८,५१,६०	विभिन्न	२४८१४०८

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

परिचय

१ **(क) परिचय-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा७ वडा,३८ सभा सद्स्य, २५७.४७ वर्ग किलोमिटर क्षेत्रफल तथा २७ हजार ४६९ जनसंख्या रहेको छ ।

ख) लेखापरीक्षण - यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा पहिचान गरीएको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०८०।९।२८ मा छलफल सम्पन्न भएको छ । छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन् ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।१३ देखि २०८०।१०।१३ सम्म रहेको छ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित

लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - गाउँपालिकाको प्राप्ति तथा भुक्तानी तर्फ रु.१ अर्ब ३४ करोड ३३ लाख ५२ हजारको को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को बिष्तृत विवरण **अनुसूची -१** मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस बबईगाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणालीबाट यसवर्ष सुत्र (SuTRA) को २७२ बाट देखिएको आय व्यय र बाँकीको विवरण तथा संघिय सरकार र प्रदेश सरकार तर्फको **C-GAS** मार्फत आम्दानी र खर्चको आय व्यय विवरण **अनुसूची -२** मा संलग्न छ ।

---

३ **बैङ्क हिसाव विवरण -** बैक तथा श्रेस्ताको मौज्दात भिडान नभएकोमा सोको समायोजन गर्नुपर्दछ । पालिकाको प्राप्ती भुक्तानी हिसावमा वर्षान्तको मौज्दात ३,८२,६२,०१९ देखाएको छ । तर बैंक तथा श्रेस्ताको हिसावमा रु,३,४९,३६,६८९ देखाएकोले रु, ३३,२५,३३० फरक परेको छ।उक्त सम्बन्धमा पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ ।

क. सं.	खाताको प्रकार	श्रेस्ता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु	फरक
१	गर. २, चालू खर्च खाता-जोर वर्ष	३४५२४०.००	५३४९५३१.५०	(५००४२९१)
२	ग २.४, पुँजीगत खर्च खाता - जोर वर्ष	०	८२४१९४२.७१	(८२४१९४२)
३	ग २ . ७ , विविध खर्च खाता	४०८६९७.०३	४०८६९७.०३	०
४	ग ३ . १ , स्धानीय तह धरौटी खाता	७९४२५२२.००	७९४२५२२.००	०
५	ग ३ . १ , स्धानीय तह धरौटी खाता	०		०
६	ग४.१ , स्थानीय तह सञ्चित कोष खाता	२३८९८९९२.५१	१०६५२७५८.३०	१३२४६२३४।०
७	ग५.१ , स्थानीय तह विविध कोष खाता	९४००००.००	९४००००.००	०
८	ग ७.२, प्रकोप व्यवस्थापन कोष खाता	१४०१२३८.००	१४०१२३८.००	०

९	बैंक कारोबारमा भिन्नता [राजस्व खाता र सञ्चित कोष खाता]	(४८७१०७३९.३०)		
	जम्मा	३४९३६६८९.५४	३४९३६६८९.५४	०

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **सञ्चित कोषमा स्थानान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.५३ लाख ४९ हजार पुँजीगत खातामा रु.८२ लाख ४१ हजार मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **गत विगतको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी ३७ योजनामा रु. १ करोड ५१ लाख २४ हजार तथा ईन्धन खर्च लगायतका विभिन्न चालु खर्च रु.१ करोड ७ लाख ८२ हजार गरी कुल रु.२ करोड ५९ लाख ७ हजार भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

६ **योजना तथा वजेट कार्यान्वयन -** योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।
- आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु. १५ करोड ५३ लाख भएकोमा चौथो त्रैमासिकमा रु.१० करोड ७० लाख र असार महिनामा मात्रै रु.५ करोड ६६लाख भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ

- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु. १५ करोड ५३ लाखको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट ६२ योजना तथा कार्यक्रमवाट रु. २ करोड २३ लाख ५३ हजार घटाई अन्य ७५ योजना तथा कार्यक्रममा रकमान्तर गरेको छ। उक्त रकम बजेटको तुलनामा ४.३४ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल देखिदैन। तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ। अन्य क्षेत्रको तुलनामा पुर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत वढाउन नसकेको तथा प्राथमिकतामा राखेको पाईएन । पुर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत वढाउनुपर्ने देखिन्छ।

क.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत कुल खर्चको तुलनामा
१	आर्थिक विकास	४४,६००	३१,९२९	७.१३
२	सामाजिक विकास	११८,४११	१०२,३६५	२२.८४
३	पूर्वाधार विकास	१७०,०२६	१३३,०२२	२९.६७
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१६,२७३	१२,५९५	२.८२
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१९५,५५१	१६८,२८१	३७.५४
६	जम्मा	५४४८६१	४४८१९२	

सैद्धान्तिक बेरुजु

८ **योजनाको प्राथमिकीरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताकाआधारमा योजना छनौट गर्नुपर्ने

व्यवस्था छ। तर पालिका पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार कुल २७६ योजनामा वजेट विनियोजन गरेको छ।

कार्यक्रमको नाम	कुल संख्या योजना	रु.५० लाख माथिका	रु.१० देखि ५० लाख सम्म	५ देखि १० लाख सम्म	रु.५लाख भन्दा कम
पालिकास्तरीय	२७६	५	२०	४१	२१०

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उप प्रमुखले मिति २०७९।३।८ मा रु.५१ करोड ४० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० पारित भएको छ। यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७९।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै बजेट पारित गरी अख्तियारी प्रदान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१० **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः

- पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रम खर्च गरेको छ।
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

- सञ्चालित योजनाको सूचनापाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।
- निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.१५ लाख ८६ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.३४ लाख ८१ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

११ **सेवाप्रवाहको स्थिति** - यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

विवरण	जम्मा

जन्मदर्ता	१०४४
मृत्युदर्ता	२८३
बसाईसराई दर्ता	४६६
विवाह दर्ता	४४९
सम्बन्धविच्छेद दर्ता	३२

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा प्रवाहको अभिलेख राखेको देखिएन ।

सैद्धान्तिक बेरुजु

१२ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन, २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ कर्मचारीको रु. १ करोड ५९ लाख ५१ हजार शिक्षातर्फ शिक्षकहरुको रु.९ करोड २९ लाख ३९ हजार र पालिकाका चालुतर्फ कर्मचारीको रु.१५ करोड ७२ लाख ३८ हजार गरी रु. २६ करोड ६१ लाख २८ हजार खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१३ **कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरवन्दी वेगरका पदमा कर्मचारी नियुक्ति गरी तलव भत्ता भुक्तानी गरेको पाइयो। दरबन्दी भन्दा बढी कर्मचारी नियुक्तिको पुष्ट्याई तथा औचित्य पालिकाले पेश गरेको छैन। जसले गर्दा प्रशासनिक खर्चमा वृद्धि हुनुका साथै अन्य कार्य उपलब्धिमा समेत नकारात्मक असर पर्दछ। स्वीकृत दरवन्दी बेगर पदमा कर्मचारी करारमा नियुक्त गरी रु.२८ लाख ७८ हजार६३० भुक्तानी गर्ने कार्य नियमित नदेखिएको रु.

अनियमित भएको	२८,७८,६३०

१४ **कानुनी सल्लाहकार** - स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च

लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन। पालिकाले यस वर्ष १ जना कानूनी सल्लाहकार नियुक्त गरी चाडपर्व खर्च समेत रु.२ लाख ८ हजार पारिश्रमिक भुक्तानी दिएको छ। सल्लाहकार नियुक्ति गर्दा स्पष्ट कार्य विवरण तयार गरी सोको मुल्याङ्कनको आधारमा भुक्तानी दिने व्यवस्था गर्नुपर्ने रु.

अनियमित भएको	२,०८,०००

१५ **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.१२ लाख ८ हजार आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था न्यायीक समितिको परेका २० उजुरी मध्ये ३ पर्स्यौंट भई १७ बाँकी रहेका छन। समितिमा परेको उजुरीको तोकिएको समयमा टुङ्गो लगाउने तथा सोको अभिलेख व्यवस्थित गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

१८ **कानुन निर्माण तथा कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ३ वटा ऐन तथा ३८ नियमावली तथा कार्यबिधि स्वीकृत भए पनि सोको प्रभावकारी कार्यान्वयन भएको देखिदैन ।

सैद्धान्तिक बेरुजु

१९ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.८ लाख ६० हजार बाँकी रहेको देखिन्छ। सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.८ लाख ६० हजार फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु

पेश्की लगेको मिति	विवरण	पेश्की लानेको नाम	पेश्की रकम
२०७९।९।२२	पानी विजुली महशुल	तिलक बहादुर खत्री	२००००।०
२०७९।९।२२	पानी विजुली महशुल	प्रमिला ओली	२००००।०
२०७९।९।२२	पानी विजुली महशुल	लक्ष्मी भण्डारी	२००००।०
२०८०।२।३०	हेफर प्रोजेक्ट	बबई कृषि तथा पशु उद्धमसिल विकास परियोजना	८०००००।०
		जम्मा	८६००००।०

पेश्की	८,६०,०००

२० **म्याद ननाघेको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ।त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ तथा खरिद सम्झौता वमोजिम पेश्की फस्यौंट गर्नुपर्दछ। पालिकाले यस वर्ष निम्न निर्माण व्यवसायीलाईलाई रु.२१ लाख ५० हजार पेश्की दिएको छ। उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी खरिद सम्झौता वमोजिम पेश्की फस्यौंट गर्नुपर्दछ।

पेश्की लगेको मिति	विवरण	पेश्की लानेको नाम	पेश्की रकम
२०८०।१।१७	शित भण्डार निर्माण	बिष्णु बिल्डर्स प्रा.लि.	२१५००००।०
		जम्मा	२१५००००।०

सैद्धान्तिक बेरुजु

२१ **ज्वालामार्ग कालोपत्रे -** ज्वालामार्ग कालोपत्रे कार्यका लागि रु.४८ लाख ३४ हजार लागत स्वीकृत गरी २०७७।७८ मा वोलपत्र भएकोमा रु.३१ लाख ३ हजार कवुल गर्ने उर्जा झंकार मस्ता जे.भी.को वोलपत्र स्वीकृत गरी २०७८।३।३० भित्र कार्य सम्पन्न गर्नेगरी खरिद सम्झौता भएकोमा हाल सम्म कार्यतालिका अनुसार काम हुन सकेको छैन ।साथै पेश्की रु.२ लाख ७१ हजार ५६७ उपलब्ध गराएको तथा संसोधित कार्यतालिका सहित म्याद थपको निवेदन नदिए पनि २०७९।९।३० सम्म म्याद थप गरे पनि निर्माण कार्य सम्पन्न भएको छैन । यस सम्वन्धमा देखएका वाँकी व्यहोरा देहाय वमोजिम रहेका छन ।

२१.१ **पुर्वनिर्धारित क्षतिपुर्ति**

✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।१२।१४ को निर्णयबाट रु. ३१३,००० ।- सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	०

२१.२ **पेश्की -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६) तथा खरिद सम्झौता वमोजिम निर्माण व्यवसायीले सम्झौता वमोजिमको कार्य सम्झौतामा उल्लेखित अवधिमा कार्य नगरेको कारणवाट पेश्की फछ्र्यौट हुन नसकेमा बैंक जमानतको रकम सम्वन्धित वैकंवाट प्राप्त गरी पेश्की फस्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण व्यवसायिले सम्झौता वमोजिम कार्य नगरेको तथा बैंक जमानतको म्याद समाप्त भएकोमा पेश्की बाँकी रकम रु.२ लाख ७१ हजार ५६७ जोखिममा रहेको छ।निर्माण व्यवसायिले समयमा काम नगरेका कारण पेश्की फछ्र्यौट हुन नसकेकोले असुल फछ्र्यौट हुनुपर्ने रु.

असुल गर्नुपर्ने	२,७१,५६७

२२ **टयाक कोट -** सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा टयाक कोट प्रति वर्ग मिटर औषत ०.४ देखि ०.६ सम्म हुने उल्लेख छ। पालिकाले विभिन्न सडकमा कालोपत्रे कार्यमा टयाक कोट प्रति वर्गमिटरमा ०.६ भन्दा वढी औषतका दरले भुक्तानी दिएको देखियो । पालिकाले अधिकत ०.६० ले हुन आउने मात्र भुक्तानी दिनुपर्नेमा वढी हुनेगरी भुक्तानी भएको रु.

भौ.नं.मिति	कामको विवरण तथा निर्माण व्यवसायी	स्पेसिफिकेसन भन्दा वढी परिमाण लि.	रकम
१८१।८०।१।२५	शहिद गेट मार्ग नविन कन्ट्रक्सन	४४३	५००५६।०
२२३।८०।२।२२	मनमोहन चक्रपथ नमस्ते योगी वील्डर्स	३४७	४८१०४।०
१३७।७९।१२।२४	चरकमटिया मठेउरी सडक अमृत निर्माण सेवा	८८६	९३०३०।०
१७०।८०।१।१५	ववई मार्ग कालोपत्रे अमृत निर्माण सेवा	२२१	२४३१०।०
२०६।८०।२।१५	सुर्य नगर सडक कालोपत्रे स्वर्णपुरी कन्ट्क्सन	११७	१३८८३।०
३३३।८०।३।२१	घट्टेकुलो तरुले कालोपत्रे रासी वील्डर्स	२७१	४५९३४।०
	संघीय पुँजिगत		

२३।८०।७।१७	सल्लीवोट पातिहाल्ना सडक कश्यप निर्माण सेवा	८०६	११७६७६।०
४९।७९।७।२५	गंगालाल मार्ग सडक नान्ह्नीला आकांक्षा	४३७१	४९३९२३।०
६२।७९।९।२६	पञ्चकुल चरकमटिया ओशिस कन्ट्रक्सन	३९७	४००९७।०
	जम्मा		९,२७ ,०१३।०

असुल गर्नुपर्ने	९,२७,०१३

२३ **अधुरो निर्माण कार्य**

..........(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।१२।१४ को निर्णयबाट रु. ३०७,३४५ ।- सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	०

२४ **डि.पि.आर.निर्माण तथा अन्य परामर्श सेवा -** पालिका अन्तर्गतका विभिन्न योजनाहरुको डि.पि.आर.तयार तथा निम्न विभिन्न विषयमा परामर्श सेवा लिई यस वर्ष निम्नानुसार रु.२६ लाख ८३ हजार १९० भुक्तानी भएको छ। सवै परामर्श सेवाको कार्य विवरणमा ड्राफ्ट प्रतिवेदन पेश गरी सोको प्रस्तुतिकरण तथा चेक जाँच पछि मात्र अन्तिम प्रतिवेदन पेश गर्ने तथा अन्तिम प्रतिवेदनमा पनि TOR वमोजिमको भए नभएको परीक्षण गरी अधिकार प्राप्त अधिकारीले स्वीकृत गरेपछि मात्र अन्तिम किस्ता भुक्तानी गर्नुपर्नेमा कुनै ड्राफ्ट प्रतिवेदन पेशनगरेको एकै पटक अन्तिम प्रतिवेदन पेश रकम भुक्तानी भएको छ । हाल सम्म भएका डि.पि.आर.प्रतिवेदन तथा परामर्श सेवाहरुको अभिलेख राखेको देखिदैन त्यस्तै यस वर्ष लिएका परामर्श सेवाको समेत प्रतिवेदनको कार्यान्वयन नभएकोले उक्त खर्च समेत प्रतिफल विहिन देखिएको छ ।आवश्यकताका आधारमा मात्र परामर्श सेवा लिने तथा सोको अभिलेख राखि कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ । साथै निम्नानुसार खरिद सम्झौता वमोजिमको प्रकृया पुरा नभएको, उयोगको सुनिश्चितता तथा कार्यान्वयनमा नआएको अवस्था देखिएकोले पालिकालाई अनावश्यक व्ययभार पर्ने गरी कार्य भएको रु.

कामको विवरण	परामर्शदाता	भुक्तानी रकम	कैफियत
आवधिक योजना निर्माण	कम्लेक्स एण्ड रिसर्च सेन्टर	११९५५४०।०	उपयोगमानआएको
सडक यातायात गुरुयोजना	प्लानेट ईन्जीनियरिङ	९९०४५०।०	उपयोगमा नआएको
राजश्व सुधार योजना	स्पेश ईन्जीनियरिङ	४९७२००।०	उपयोगमा नआएको
	जम्मा	२६,८३,१९०।०	

अनियमित भएको	२६,८३,१९०

२५ **पुरन्धरा पार्क** - पुरन्धरा पार्क निर्माण कार्यका लागि रु.४ करोड ८४ लाख ९५ हजार लागत स्वीकृत गरी २०७७।७८ मा वोलपत्र भएकोमा रु.३ करोड १७ लाख ९ हजार कवुल गर्ने धुलीखेल जे.के.जे.भी.को वोलपत्र स्वीकृत गरी २०७८।९।७ भित्र कार्य सम्पन्न गर्नेगरी खरिद सम्झौता भएकोमा हाल सम्म कार्यतालिका अनुसार काम हुन सकेको छैन । साथै पेश्की रु.३१ लाख ७० हजार उपलब्ध गराएको तथा संसोधित कार्यतालिका सहित म्याद थपको निवेदन नदिए पनि २०८०।५।६ सम्म म्याद थप गरे पनि निर्माण कार्य सम्पन्न भएको छैन । यस सम्वन्धमा देखएका वाँकी व्यहोरा देहाय वमोजिम रहेका छन ।

पेश्कीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६) तथा खरिद सम्झौता वमोजिम निर्माण व्यवसायीले सम्झौता वमोजिमको कार्य सम्झौतामा उल्लेखित अवधिमा कार्य नगरेको कारणवाट पेश्की फछ्र्यौट हुन नसकेमा बैंक जमानतको रकम सम्वन्धित वैकंवाट प्राप्त गरी पेश्की फर्स्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण व्यवसायिले सम्झौता वमोजिम कार्य नगरेको तथा बैंक जमानतको म्याद समाप्त भएकोमा थप गरी पेश नभएकोले पेश्की वाँकी रकम रु.३१ लाख ७० हजार जोखिममा रहेको छ।निर्माण व्यवसायिले समयमा काम नगरेका कारण पेश्की फछ्र्यौट हुन नसकेकोले फछ्र्यौट हुनुपर्ने रु.

असुल गर्नुपर्ने	३१,५०,०००

२६ **कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(२)क वमोजिम निर्माण कार्यको हकमा कम्तिमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनको उद्देश्य अनुरुप उपयोगमा आएको अवस्थामा कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।लक्ष्मणपुर ट्वाङखोला सडक निर्माणका लागि रु.४८ लाख ४९ हजार स्वीकृत गरी बोलपत्र भएकोमा ४६.५६ प्रतिशत न्युन रु.२५ लाख ९१ हजार ४१८ कबुल गर्ने कुमार निर्माण सेवा संग खरिद सम्झौता भएकोमा रु.२३ लाख १९ हजार २९५ वरावरको (८९.४९ प्रतिशत)कार्य भएको अवस्थामा कार्य स्वीकार प्रतिवेदन तयार गरी भुक्तानी दिएको छ।लागत अनुमानको तुलनामा ४६.५६ प्रतिशत सम्म न्युनमा खरिद सम्झौता भएकोमा कम घटेका आईटमहरुमा काम गर्ने तथा वढी घटेका आईटमहरुमा कम काम गरेका कारण न्युन काम भएको अवस्थामा पनि कार्य सम्पन्न दिएको देखियो । अतः नियमावली विपरित कार्य स्वीकार गरेको अनियमित देखिएको रु.

अनियमित भएको	२३,१९,२९५

२७ **सल्लीवोट भ्युटावर निर्माण** - पालिका अन्तरगत सल्लीवोटमा भ्यु टावर निर्माणका लागि रु.१ करोड १७ लाख ८७ हजार स्वीकृत गरी २०७८।७९ मा वोलपत्र भएकोमा रु.७४ लाख ६० हजार ४८६ कबुल गर्ने प्रजिल कन्ट्रक्सनसंग २०७८।३।८ मा २०८०।९।७ सम्ममा कार्य सम्पन्न गर्नेगरी खरिद सम्झौता भएकोमा हाल सम्म कार्यतालिका अनुसार काम हुन नसकि रु.१० लाख ९५ हजार भुक्तानी भएको छ । लेखापरीक्षणको अवधि सम्म म्याद समाप्त भएकोमा निर्माण कार्य सम्पन्न भएको छैन। खरिद सम्झौता वमोजिम संसोधित कार्यतालिका लिई निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले पर्यप्त संम्भाव्यता अध्ययन नगरी, पालिकाको पुँजि निर्माणमा खासै योगदान पुर्याउन नसक्ने भ्युटावर निर्माण निर्माणकार्य गरेकोले खर्च रकमको उपलब्धिको सुनिश्चतता छैन । यस्ता खर्च नियन्त्रण गरी पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा मात्र खर्च गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२८ **उपभोक्ताको काम निर्माण व्यवसायीवाट गराएको -** २४।७९।५।१७ सार्वजनीक खरिद नियमावली, २०६४ को ९७(१३क) वमोजिम उपभोक्ता समितिले पाएको काममा निर्माण व्यवसायी संलग्न गराउन नहुने उल्लेख छ । भागावारी खुर्पे सडक निर्माणका लागि लागत अनुमान रु.१० लाख ६९ हजार स्वीकृत गरी उपभोक्तासंग सम्झौता गरेकोमा निर्माणको सवै काम सोफिया कन्ट्रसनवाट गराई रु.९ लाख ७० हजार भुक्तानी भएको छ । यसरी उपभोक्ताले काम गर्ने गरी लिएको सवै काम निर्माण व्यवसायीवाट गराएको अनियमित देखिएको रु.

अनियमित भएको	९,७०,०००

२९ **जटिलसंरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन जस्ता जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ ।

क सं	उपभोक्ता समितिको नाम	कामको विवरण	लागत	भुक्तानी रकम
१	ढोलकपुर कलभर्ट	कलभर्ट	२१६१०७६।०	१९२८३३६।०
२	श्री जनज्योति आधारभूत विद्यालय	भवन निर्माण	२५१५३६३।०	२२४९३७०।०
३	देउति आधारभूत विद्यालय	भवन निर्माण	२४८०४८६।०	२२५००००।०
४	श्री जनता माध्यामिक विद्यालय	भवन निर्माण	५००४५००।०	४५०००००।०

सैद्धान्तिक बेरुजु

३० **गैह्रसरकारी संस्था मार्फत कार्य -** पालिकाले गैह्र सरकारी संघ/संस्था तथा निजी क्षेत्र बिचको सहकार्यमा गरिवी न्युनीकरण दीर्घकालीन परियोजना संचालन कार्यक्रम अन्तर्गत कृषि तथा पशु वस्तुहरुको उत्पादनमा बृद्धि गरी रोजगारीमुलक, उद्यमशिल र मर्यादित कृषि व्यवसाय विकास गर्न खासगरी बोका बाख्रा वितरण,खोर निर्माण एंव उद्यमशिलता तालिम संचालन गर्न यसपालिकाले मितिर०८९।८० सम्ममा कार्यसम्पन्न गर्ने गरी मिति

२०७७।७८ मा रु.४ करोड ४० लाखको सम्झौता गरी यो बर्ष रु.२६ लाख १५ हजार समेत हाल सम्म रु.१ करोड ४५ लाख ७१ हजार भुक्तानी गरेको छ ।सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्

३०.१ **कानुनी व्यवस्था -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ (८) मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि नियम ७० बमोजिम आशयपत्र माग गर्नुपर्ने र नियम ७० मा रु.२० लाख भन्दा बढीको परामर्श सेवा खरिद गर्न खरिद ऐन २०६३ को दफा ३० बमोजिम आशय पत्र संकलन गर्नुपर्ने र त्यसको लागि पर्न आएका आशय पत्रदाताबाट साधारणतया ३ देखि ६ आशयपत्र दाताको सूची तयार गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक खरिद ऐन २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदाता सँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई सम्झौता रकमको २० प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ।

सैद्धान्तिक बेरुजु

३०.२ **पेश्की बाँकी -** सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई सम्झौता रकमको २० प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था रहेकोमा मिति २०८०।२।३० मा रु.८ लाख पेश्की उपलब्ध गराएकोमा सोको जमानत पेश गरेको छैन । अतः जमानत लिई पेश्की दिनुपर्ने देखिन्छ साथै सम्झौता वमोजिम पेश्की फर्स्योट हुनुपर्ने रु.

पेश्की	८,००,०००

३०.३ लेखापरीक्षण सम्झौता अनुसार कुल कार्यसम्पन्नको २५ प्रतिशत सम्बन्धित परामर्शदाताले र ७५ प्रतिशत पालिकाले भुक्तानी गर्ने गरी सम्झौता भएकोमा सत प्रतिशत श्रेस्ता पेश गर्नुपर्नेमा ७५ प्रतिशतको मात्र श्रेस्ता पेश गरेको र २५ प्रतिशतले हुने रु.८ लाख ७१ हजार ६६६ को श्रेस्ता पेश नभएको अवस्थामा पनि भुक्तानी दिएको लेखापरीक्षण गराएको छैन ।

सैद्धान्तिक बेरुजु

३०.४ **विल बिजक -** हेफर नेपालसँग कार्यक्रम सम्झौता भएकोले सोही संस्थाले बिजक जारी गर्नु पर्नेमा स्थानीय गैर सरकारी संस्था प्रयोग गरी खर्चका बिल भरपाईहरु पेश गरेको अवस्थामा भुक्तानी हुने गरेकोले पालिकावाट भुक्तानी भएको तीन वर्षमा रु.१ करोड ४५ लाख ७१ हजार कार्यक्रममा लागत साझेदारी गर्नुपर्नेमा संस्थाको कर्मचारी तलब जस्तो प्रशासनिक कार्यमा गैरसरकारी संस्थाले २४.७५ प्रतिशत योगदान गर्ने र ७५.२५ प्रतिशत वास्तविक कार्यक्रम खर्च पालिकाले वेहोर्ने गरी सम्झौता गरेकोले गैहसरकारी संस्थाको आफ्नै

कर्मचारीको तलव खर्च साझेदारी रकममा परेको र बैंक ग्यारेण्टी बिना पेश्की दिई काम गराउने कार्य गरेको अनियमित देखिन्छ ।

सम्झौताअनुसार भविश्यमा आईपर्न सक्ने जोखिम न्यूनीकरणका लागी कर्मचारी, वितरण गरिने बाख्रा बोका पाठा पाठीको विमा गराउनु पर्नेमा दोस्रो पक्षवाट यस्तो विमा गराएको पाईएन ।

सम्झौताअनुसार संचालित कार्यक्रमको पालिकावाट मासिक,त्रैमासिक र अर्धवाषिक रुपमा स्थलगत अनुगमन सहित कमिकमजोरी भएकोमा सुधार गर्न लगाउने व्यवस्था रहेकोमा पालिकावाट यस्तो अनुगमन मुल्याङ्कन गरेको छैन।

सैद्धान्तिक बेरुजु

३१ **नाफामुलक संस्थालाई अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन। गाउँपालिकाले निम्नानुसार रु.१२ लाख ६१ हजार भुक्तानी दिएको छ। यसवाट सार्वजनिक रुपमा नागरीकले सेवा पाउने सुनिश्चित नभएकोले खर्च गरेको रकम अनियमित देखिएको रु.

क सं	भौचर नंम्वर	कामको विवरण	खर्च
१	७।७९।०५।१२	उद्योग वाणिज्य संघको भवन निर्माण	७७६०००।०
२	३३।८०।५।१७	महाशक्ती सहकारी संस्थाको भवन निर्माण	४८५०००।०
४		जम्मा	१२६१०००।०

अनियमित भएको	१२,६१,०००

३२ **शितभण्डार निर्माण -** पालिका आफ्नैको शित भण्डार निर्माण कार्यका लागि सिभिल,तापक्रम नियन्त्रण प्रणाली तथा विद्युतिय कार्यको लागि रु.२ करोड ६४ लाख ६८ हजार लागत स्वीकृत गरी वोलपत्र भएकोमा रु.२ करोड ४३ लाख ८० हजार कवुल गर्ने विष्णु वील्डर्सको वोलपत्र स्वीकृत गरी २०८०।१।१७ मा ३० महिना भित्र कार्य सम्पन्न गर्नेगरी खरिद सम्झौता भई यस वर्ष पेश्की रु.१० लाख ७५ हजार उपलब्ध गराएको देखिन्छ। जटिल प्राविधिक पक्ष रहेको तथा सञ्चालन खर्च उच्च हुने यस प्रकारको निर्माण कार्यको संञ्चालन प्रकृया निर्धारण नगरेको, पालिकामै शित भण्डारको उपयोग हुने सुनिश्चितता नगरी निर्माण कार्य सुरु भएको देखिन्छ। निर्माण कार्य गर्दा गुणस्तर नियन्त्रणमा सजग रहनुपर्ने तथा निर्माण सम्पन्न पछिको उपयोगको कार्ययोजना तयार समेत गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३३ **उपयोग नभएको -** सार्वजनीक खरिद ऐन, २०६३ को दफा ५ वमोजिम कुनै पनि खरिद कार्यको लागि लागत अनुमान तयार गर्नुपर्ने तथा कार्य सम्पन्न पछि सोको नापी तथा कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्दछ।साथै खरिद भएका मेसनरी सामाग्री उद्देश्य वमोजिम उपयोग हुनुपर्दछ । यस वर्ष नगरपालिकाले निम्नानुसार निर्माण सामाग्री खरिद गरेकोमा लागत अनुमान तयार नगरेको तथा सोको नापी तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाईएन । अतः उक्त रु.२८ लाख ४४ हजार ४५० को खरिद भएका निर्माण सामाग्रीको नापी तथा कार्य सम्पन्न प्रतिवेदन तथा अन्यको हकमा उपयोग भएको प्रमाण पेश गर्नुपर्ने रु.

भौ.नं.मिति	कामको विवरण	भुक्तानी रकम
३१।७९।५।१७	विभिन्न साईजको सिंचाई पाईप खरिद	३८८०००।०
६१।७९।९।२१	ह्युमपाईप तथा विद्युत पोल खरिद ५० वटा	९९७५१८।०
९०।७९।११।२१	भैरव निर्माण सेवा तारजाली खरिद	९९८९३२।०
३५६।८०।३।२४	सल्लीवोट सामुदायिक वन उपभोक्ता समुह पेपर प्लेट मेसिन	४६००००।०
	जम्मा	२८,४४,४५०।०

प्रमाण पेश नगरेको	२८,४४,४५०

३४ **कण्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० को अनुसूची १ बमोजिम लागत अनुमान तयार गर्दा लागत अनुमान रकमको वर्क चार्ज २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत गरी ४ प्रतिशत कण्टिजेन्सी खर्चको व्यवस्था गरेको छ। कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा कार्यालयबाट भुक्तानी गरिने रकमको ३ प्रतिशत रकम कण्टिजेन्सीको व्यवस्था गरेको छ । कन्टिन्जेन्सी खर्च जुन योजनाको लागि व्यवस्था गरिएको हो सोही योजनामा खर्च गर्नुपर्दछ। यो वर्ष रु.१५ लाख ५२ हजार यस्तो खर्च गरे पनि कार्यालयले योजनागत अभिलेख नराखेकोले वर्कचार्ज र अन्य खर्चमा भएको कन्टिन्जेन्सी खर्च यकिन गर्न सकिएन । वर्क चार्ज र अन्य खर्च खुल्ने गरी योजनागत कन्टिन्जेन्सी खर्चको अभिलेख नराखेकोले उक्त खर्च तोकिएको सिमा र सम्बन्धित कार्यमा खर्च गरे नगरेको यकिन गर्न सकिएन। योजनागत रुपमा कन्टिन्जेन्सी खर्चको अभिलेख राखी खर्चलाई पारदर्शी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३५ **सामाजिक सुरक्षा बाँकी रकम फिर्ता**

✂.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२३ को निर्णयबाट रु. ९४६६६८।- सम्परीक्षण गरिएको ।)

प्रमाण पेश नगरेको	०

३६ **अग्रिम कर -** १२५।२०८०।३।११आयकर ऐन, २०५८ को दफा ९०(४) मा अग्रिम आयकर कट्टी गरिएको रकम महिना भुक्तान भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाले संघीय शसर्तवाट विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादन आधारित प्रोन्साहन अनुदानवाट सरस्वति मावि चरकमटियाले खरिद गरेको रु.५,२८,८८८।० मा अग्रिम करकट्टि हुनुपर्ने रु.८,३३८।० कट्टी तथा दाखिला भएको नदेखिएकोले उक्त कर दाखिला हुनुपर्ने रु.

असुल गर्नुपर्ने	८,३३८

३७ **बिद्यालय अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम गाउँसभावाट विनियोजन वमोजिम कार्यक्रम तथा योजनामा मात्र खर्च गर्न पाउनेमा वडा समितिले निर्णय गरी वडा ३ वाट जनविकास प्राथमिक विद्यालयलाई रु.५०हजार अनुदान खर्च लेखेकोले अनियमित देखिएको रु.

अनियमित भएको	५०,०००

३८ **अस्पताल निर्माण कार्य -** संघीय सरकारको योजना अनुसार अस्पताल भवन निर्माणका लागि रु.१५ करोड ४२ लाख ३४ हजार लागत अनुमान स्वीकृत गरी वोलपत्र भएकोमा रु.११ करोड ९८ लाख ९९ हजार कबुल गर्ने प्रतिज्ञा। ज्ञान ज्योति वील्डर्स संग २०७८।१।१५ मा ३० महिना भित्र कार्य सम्पन्न गर्नेगरी खरिद सम्झौता अवधि भन्दा १११ दिन अगाडी कार्य सम्पन्न गरी खरिद सम्झौता वमोजिम वोनस रु.५८ लाख ६६ हजार समेत रु.१२ करोड ५९ लाख १६ हजार भुक्तानी भएको छ। यस सम्वन्धमा देखिएको वाँकी व्यहोरा देहायमा उल्लेख छनः

अस्पताल संञ्चालनः कुल रु.१२ करोड ५९ लाख १६ हजारको लागतमा निर्माण सम्पन्न भएको १५ शैयाको यस अस्पताल २०८०।३।२८ मा कार्य सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन तयार गरी अन्तिम भुक्तानी दिएको भए पनि अस्पताल संञ्चालनको लागि अन्य पुर्वाधारहरु ईक्वीपमेन्टहरु, फर्निचरहरु तथा आवश्यक मेडिकल पारामेडीकल तथा अन्य जनशक्तिको व्यवस्थापन सम्वन्धमा हाल सम्म अन्यौलको अवस्था रहेको पालिका एक्लैले उक्त व्यवस्थापन गरी अस्पताल संञ्चालन गर्न सक्ने अवस्था देखिदैन । स्थलगत निरीक्षणको क्रममा सम्पन्न अस्पताल सञ्चालन नभए जोडिएका ईलेक्ट्रीकल, स्यानेटरी लगायतका समान विग्रन सक्ने अवस्था समेत देखिएकोले अस्पताल संञ्चालनकालागि सम्वन्धित निकाय ध्यान दिन जरुरी देखिएको छ ।

सैद्धान्तिक बेरुजु

३९ **दरवन्दि भन्दा वढि तलव भत्ता -** नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २५(ख) वमोजिम कुनै पनि कर्मचारीलाई जिम्मेवारी नदिई राख्न नहुने व्यवस्था गरेको छ। पालिकाले स्विकृत दरवन्दि भन्दा ८ जना वढि कर्मचारीहरुलाई ऐनको प्रावधान विपरित फाजिलमा राखि कर्मचारीहरुलाई वर्षभरिमा रु.४८,०५,५३९।० भुक्तानी भएको अनियमित देखिएको रु.

अनियमित भएको	४८,०५,५३९

४० **गर्भजाच उत्प्रेरणा -** आमा सुरक्षा कार्यक्रम निर्देशिका,२०७८ अनुसार प्रोटोकल अनुसार ४ चोटि गर्भवति चेक गराएको कार्ड पेश भएमा सुत्केरी हुने महिलालाई गर्भवति उत्प्रेरणा वापत रु.८००।० दिने व्यवस्था छ । गाँउपालिकाले गर्भवति चेक गराएको पिएनसी कार्ड पेश नभएको अवस्थामा पञ्चकुले र पुरनधारा स्वास्थ्य चौकिलाई वर्ष भरीमा क्रमशः१०४ र ९१ जनाको जनही रु.८००।० को दरले रु , १५६००० भुक्तानी भएकोले सो को प्रमाण पेश गर्नु पर्ने रु

प्रमाण पेश नगरेको	१,५६,०००

४१ **बढी भुक्तानी**

✂........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८१।१।२३ को निर्णयबाट रु. ६००० ।- सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	०

४२ **कोभिड अस्पताल संञ्चालन -** कोभिड नियन्त्रणका लागि महामारीका वखत स्थापना तथा संज्लन गरिएको कोभिड अस्पताल कोभिड महामारी औपचारीक अन्त भएको अवस्थामा पनि निरन्तर संञ्चालन गरी यस वर्ष तलव भत्तामा रु.५७ लाख ८५ हजार ६१५ तथा औषधि खर्च रु.२ लाख ५० हजार गरी कुल रु.६० लाख ३५ हजार ६१५ खर्च गरीएको छ। पालिकाका अन्य स्वास्थ्य संस्थाहरु संञ्चालनमा रहेका तथा १५ वेडको अस्पताल समेत संञ्चालनको प्रक्रियामा रहेकोमा कोभिड अस्पताल निरन्तर संञ्चालन गरी खर्च गर्नु उपयुक्त देखिदैन।अतःअन्य स्वास्थ्य संस्थालाई महामारीको पुर्वतयारीको अवस्थामा विकास गरी कोभिड अस्पतालबाट भएको खर्च नियन्त्रण हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४३ **वितरण भरपाई -** भौचर नं. ८३।२०८०।१।१३आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली , २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकमा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्दछ। गाउँपालिकाले संघीय शसर्त बाट कोभिड १९ वाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपतको समयमा सिकाई निरन्तरताको लागि कार्यक्रमवाट कक्षा १,२, र ३ को क्रमशः ७५०,७०० र ७०० थान रुब्रिक्स रु.२,६७,२४५।० मा छपाई भएकोमा सो वितरणको भरपाई पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,६७,२४५

४४ **सुरक्षित नागरिक आवासको कार्यक्रम -** संघिय पूँजिगत र गाउँपालिका पूँजिगत शिर्षकको कार्यक्रम अनुसार पालिलकाबाट प्राप्त बिबरण अनुसार हालसम्ममा २४१ जनालाइ छनौट गरिएकोमा ८७ जनाले निर्माण काम सम्पन्न गरि रु.५० हजारका दरले रु.४३ लाख ५० हजार भुक्तानि दिएको, ११८ जनालाइ रु.३० हजार

कादरले रु.३५ लाख ४० हजार प्रथम किस्ता भुक्तानि दिएको बिबरण प्राप्त भएको छ। छनौट गरेको मध्ये ३६ जनाले कामै गरेका छैनन। यसरि छनौटमा परि निर्माण काम गर्न बाँकि रहेका नागरिहरुलाइ निर्माण काम गर्न लगाउनुपर्ने तथा पहिलो किस्ता लगी कार्य सम्पन्न नभएका लाभग्राहीको आवास निर्माण कार्यसम्पन्न गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

४५ **घुम्तीकोष -** गरीवी निवारण कोष अन्तर्गत सञ्चालनमा रहेको कोषहरु स्थानीय तहमा हस्तान्तरण गरेको कोषले जानकारी गराएको भए पनि यस पालिका अन्तर्गत कुनै कोष संञ्चालनमा नरहेको जानकारी प्राप्त भएको छ। कोष सम्वन्धमा छानविन गरी पालिका अन्तर्गत ल्याई संञ्चालन गर्ने सम्वन्धमा सम्वन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

४६ **स्थानीय तहका पदाधिकारी सुविधा -** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बीनी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धी कानूनमा संशोधन र एकीकरण गर्न वनेको ऐन,२०७६ जारी गरेकोछ। उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ७५ लाख १३ हजार सुविधा वापत भुक्तानी भएको छ ।

विवरण	अध्यक्ष	उपाध्यक्ष	वडाअध्यक्ष ८ जना	कार्यपालिका सदस्य ५	सभाका सदस्य २३	जम्मा
यातायात खर्च			९६००००।०	३६००००।०	८२८०००।०	२१४८०००।०
टेलिफोन,मोबाइल	४२०००	३६०००।०	२८८०००।०	१८००००।०	६९००००।०	१२३६०००।०
पुस्तक,पत्रीका,	४८०००।०	४८०००।०	२८८०००।०	१८००००।०	५५२०००।०	१११६०००।०
समन्वय तथा सहजीकरण	१२००००।०	९६०००।०	५७६०००।०	३०००००।०	८२८०००।०	१९२००००।०
अतिथि सत्कार	७२०००।०	६००००।०	३८४०००।०	०	०	५१६०००।०
खानेपानी/बिजुली	६००००।०	६००००।०	०	०		१२००००।०
चाडपर्व खर्च	१५०००।०	१५०००।०	९६०००।०	५००००।०		३३७०००।०
मर्मत सम्भार तथा विद्युत उर्जा	६००००।०	६००००।०	०	०		१२००००।०
जम्मा						७५१३०००।०

	सैद्धान्तिक बेरुजु

४७ **फिर्ता दाखिला**

✂.......... *(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।१२।१४ को निर्णयबाट रु. ६५०००० ।- सम्परीक्षण गरिएको ।)*

	असुल गर्नुपर्ने	०

४८ **भ्याट विल**

✂.......... *(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।१२।१४ को निर्णयबाट रु. २०४८२५।- सम्परीक्षण गरिएको ।)*

	प्रमाण पेश नगरेको	०

४९ **वितरण भरपाई -** ५४१।२०८०।३।२४आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकमा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ।पालिकाले दलित संग्राहलयमा फर्निचर तथा डेकोरेसनका सामान पव्लिक होम डेकोरेसन एण्ड सप्लायर्सवाट रु.१ लाख ९९ हजार ६२४ मा खरिद गरी दिएकोमा सोकोमा हस्तान्तरण तथा भरपाई पेश भएको छैन । अतः उक्त भरपाई तथा हस्तानतरण पेश हुनुपर्ने रु.

	प्रमाण पेश नगरेको	१,९९,६२४

५० **ईन्धन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली , २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकमा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्दछ। गाउँपालिकाले व्याक हो लोडर चालकको ६१५ घण्टको लागि रु.३७,७८० भुक्तानी गर्दा कामको नापी प्श नगरेकोले नापी तथा कार्य सम्पन्न पेश हुनुपर्ने रु.

	प्रमाण पेश नगरेको	३७,७८०

५१ **प्रमाण पेश गर्नु पर्ने (चालू)**

✂.......... *(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।१२।१४ को निर्णयबाट रु. ४९४९९ ।- सम्परीक्षण गरिएको ।)*

	प्रमाण पेश नगरेको	०

५२ **ईन्धन खर्च -** सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ। पालिकाले पदाधिकारी ईन्धन खर्चमा यस वर्ष रु.१४ लाख ६३ हजार खर्च लेखेको छ। सो मध्ये गाउँपालिका अध्यक्षले वार्षिक ३९७९ लिटर औषत मासिक ३३१ लिटरका दरले लिटरको रु.६ लाख ७१ हजार ४४७ तथा उपाध्यक्षले प्रयोग गर्ने सवारीसाधनमा वार्षिक ४७४४ लिटर औषत मासिक ३९४ लिटरको रु.७ लाख ८९ हजार खर्च रहेको छ जसवाट पालिकाको पदाधिकारी ईन्धन खर्च उल्लेखनीय रहेकोले यसको नियन्त्रण गरी निश्चित मापदण्ड वनाई ईन्धन खर्चलेख्ने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५३ **दाखिला गर्न बाँकी कर -** १०६।२०८०।२।११ आयकर ऐन, २०५८ को दफा ९०(४) मा अग्रिम आयकर कट्टी गरिएको रकम महिना भुक्तान भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले संघीय शसर्तवाट कृषि व्यवस्थापन अनुदानवाट जनकल्याण मावि पदमपुरलाई रु.२ लाख विनियोजनवाट सामाग्री खरिद गर्दा कट्टि भएको अग्रिम कर रु.२,६५७।० दाखिला हुनुपर्ने रु

असुल गर्नुपर्ने	२,६५७

५४ **मूल्यअभिवृद्धि कर विजक -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समिति मार्फत गर्ने कामको लागत अनुमान तयार गर्दा निर्माण सामग्री खरिदको मूल्यअभिवृद्धि कर समेत समावेश गरी लागत अनुमान तयार गरेकोमा देहायका उपभोक्ता समितिले भुक्तानी लगेको मूल्य अभिवृद्धि कर वरावरको मूल्यअभिवृद्धि कर बिजक पेस नगरेकोले मूल्यअभिवृद्धि कर बापत भुक्तानी भएको निम्नानुसारको रु. १ लाख ५७ हजार ६४० असुल गर्नुपर्ने रु.

भौ.नं.मिति	कामको विवरण	भुक्तानी भएको मू.अ.कर	विल पेश भएको	वढी मू.अ.कर
	गा.पा.पुँजिगत			
२११।८०।२।१७	ढोलपुर कलभर्ट निर्माण	४१९३२।०	३५४८३।०	६४४९
२३२।८०।२।२८	नयाँकुलो च्याप्टिपुल मुनी	१५६६५।०	१०१२७।०	५५३८
२३९।८०।२।३०	डाँगी टोल वाटो स्तरोन्नती	३८९१२।०	२६९१०।०	१२००२
२५५।८०।३।५	सडक स्तरोन्नती	१७६७४।०	१०२३७।०	७३६७
२८५।८०।३।१२	चिसापानी गर्जुखोला वाँध निर्माण	२२६२६।०	१३०५४।०	९५७२
२८१।८०।३।११	रेडक्रस भवन निर्माण	४२३३०।०	१६३८०।०	२५९५०
२९६।८०।३।१४	जनज्योति नगर नाला निर्माण	१८३३८।०	१५२३६।०	३१०२

	प्रदेश पुँजिगत			
१९।८०।१।४	दुर्गाटोल नाला निर्माण	३०२२५।०	२३०७५।०	७१५०
९।७९।११।१४	खोला व्यवस्थापन	२९६८०।०	२२११९।०	७५६१
२२।८०।२।७	पथरैया सिंचाई नहर	२७५५६।०	१८९२१।०	८६५५
२०।८०।१।७	अमराई रामपुर सिंचाई	३०३७४।०	२०२७०।०	१०१०३
	संघीय पुँजिगत			
२४।८०।३।२१	श्री जनज्योति प्रा.वि.	३४९१२।०	२५३११।०	९६०१
२८।८०।३।२४	देउति मा वि	६४९२२।०	४१२९३।०	२३६२९
२६।८०।३।२४	श्री जनता मा वि	८६५३३।०	६५५६२।०	२०९६१
	जम्मा			१५७६४०।०

असुल गर्नुपर्ने	१,५७,६४०

५५ **आयको अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ। पालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२ करोड प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.१ करोड ३९ लाख ८५ हजार अर्थात अनुमानको ६९ प्रतिशत आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

५६ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले यस आर्थिकमा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४४९७५३	१३९९०	३.११

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.११ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पर्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५७ **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

सि.नं.	आम्दानी शीर्षक	अनुमान	आम्दानी	असुली प्रतिशत
१	एकिकृत सम्पत्तिकर	१२ लाख	१६४९३६	१३.७४
२	भूमिकर	२० लाख	१३१३३०१	६५.६६
३	वहाल कर	१ लाख	१०२२११७	१०.२२
४	वहाल विरौटा कर	५ लाख	१७३९०	३.४७
५	व्यवसाय कर	२० लाख	२५५९४५	१२.७९
६	पर्यटन शुल्क	१ लाख	०	०
७	पार्किङ शुल्क	५ लाख	४४५९५५	८९
८	नक्सा पास दस्तुर	१५ लाख	०	०
९	सिफारीस दस्तुर	२५ लाख	२२५५५१८	९०
१०	व्याक्तिगत घटना	५ लाख	६५४८११	१३०

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५८ **सवारी कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने लक्ष्य राखेको छ। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ।

	सैद्धान्तिक बेरुजु

५९ **मनोरञ्जन कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ ।यस आर्थिकवर्षमा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाइएन। यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ।

	सैद्धान्तिक बेरुजु

६० **राजस्व**

✂..........(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८१।१।२३ को निर्णयबाट रु. ४०७१ ।- सम्परीक्षण गरिएको ।)

	असुल गर्नुपर्ने	०

६१ **कर समायोजन -** कार्यालयले मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम १७।२०८०।२।३० बाट पालिकाले रु ३८४२५० को विद्यालयको लागि डेस्कबेन्च निर्माण वापत माउन्ट एभेरेस्ट काष्ठ उद्योगलाई रु ३४८४९२ भ्याट सहित भुक्तानी भएकोमा नियमाअनुसार भ्याटको ३० प्रतिशत आन्तरिक राजस्वमा जम्मा गरेको नदेखिएको हुँदा कर समायोजको प्रमाण पेश गर्नु पर्ने रु.

	प्रमाण पेश नगरेको	३,८४,४९२

६२ **मूल्य अभिवृद्धिकर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) वमोजिम मूल्य अभिवृद्धि कर लाग्ने कारोवार गरेको अवस्थामा स्थानीय सरकारले कर संकलन गरी दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा पार्किङ शुल्क वापत उठेको रकमको १३ प्रतिशतले हुन आउने रु.४० हजार ९८० मूल्य अभिवृद्धि खाता दाखिला भएको नदेखिएकोले उक्त रकम असुल तथा दाखिला हुनुपर्ने रु.

	असुल गर्नुपर्ने	४०,९८०

६३ **व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२ लाख ५५ हजार ९४५ कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ ।

	सैद्धान्तिक बेरुजु

६४ **पार्किङ शुल्क -** पालिकाले प्रत्येक वर्ष पुरन्धारामा पार्किङ शुल्क लगाउने गरेको छ। सो मार्फत कुल बहादुर बुढा थोकीले शुल्क उठाउनको लागि १० वटा ठेली लगेकोमा उक्त ठेली जिन्सी शाखामा बुझाएको देखिएन। उक्त मध्ये रु. ३ लाख १५ हजार २३० दाखिला गरेको बैंक भौचर पेश गरेको भएतापनि जिन्सी शाखामा सबै ठेली नबुझाएकोले उक्त रसिद बाट कति रकम उठेको छ भन्ने कुराको यकिन गर्न सकिएन। अतः उक्त रसिद ठेली प्राप्त गरी दाखिला गर्नबाँकी रकम दाखिला हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

अनुसूचीहरू

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : बबई गाउँपालिका, दाङ , बबई गाउँपालिका , दाङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	चेत नारायण कंडेल	२०८१-१-१२	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	मुक्ति नन्द रावल	२०७९-४-१५	२०८०-५-१
कार्यालय प्रमुख	भिष्म कुमार मल्ल	२०७५-१२-१३	२०७९-४-१३
लेखा प्रमुख	सुजन बाबु के.सी.	२०७९-२-१५	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरणः

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
५,८३८,६११	१५,१७५,६५४	५,०९०,५८३	०	०	१,६६०,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२७,७६४,८४८
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	२,४८१,४०८
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२५,२८३,४४०

आर्थिक कारोवारको स्थिति

स्थानीय तह : बबई गाउँपालिका, दाङ **अनुसुची- १**

गत बर्षको जिम्मेवारी		९८५१३६९६	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२९८२६५०६७	**चालु खर्च**	३९७६४०१६५
प्रदेश सरकारबाट अनुदान	३५०५१०५१	**पूँजीगत खर्च**	२३९८९८८३३
राजश्व बाँडफाँट	९३६९००८१	**वित्तीय/अन्य व्यवस्था**	६४२५९९५६
आन्तरिक आय	७८८४७७८.०		
अन्य आय	२०६६६२४२१		
कुल आय	६४१५५३३९८	**कुल खर्च**	७०१७९८९५४
बाँकी मौज्दात		३८२६८१४०	

प्रतिवेदनको दफा २ संग सम्बन्धित **अनुसुची - २**

विवरण	टिप्पणी	यस वर्ष रु .				गतवर्ष रु .		
		बजेट	आफैले गरेको प्राप्ति / भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति / भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा
प्राप्ती (क + ख)		५५६९८१४९२.९६	४०३४९२०६४.९४		४०३४९२०६४.९४	५२६३८३७६१.७६		५२६३८३७६१.७६
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		५४४८६३०००.००	३८६१७४११७.४३	०	३८६१७४११७.४३	५१०३११३७३.६६	०	५१०३११३७३.६६
११००० कर	११	११४९९२०००.००	८९३२२७३८.४२	०	८९३२२७३८.४२	९९१४३१६५.१६	०	९९१४३१६५.१६
१३००० अनुदान		३७५७२३०००.००	३३३३१६११८.२९	०	३३३३१६११८.२९	३९९४९६०००.००	०	३९९४९६०००.००
संघीय सरकार	१२	३३४६७२०००.००	२९८२६५०६७.२९	०	२९८२६५०६७.२९	३६०३७००००.००	०	३६०३७००००.००
प्रदेश सरकार	१२	४१०५१०००.००	३५०५१०५१.००	०	३५०५१०५१.००	३९१२६०००.००	०	३९१२६०००.००
१४००० अन्य राजस्व		१६६००३४२.११	१२२४६०००.०२	०	१२२४६०००.०२	११६७२२०८.५०	०	११६७२२०८.५०
३२००० वित्तीय सम्पत्ति		३७५४७६५७.८९	०	०	०	०	०	०

ख. अन्य प्राप्ति		१२११८४९२.९६	१७३१७९४७.५१		१७३१७९४७.५१	१६०७२३८८.१०		१६०७२३८८.१०
कोषहरु		१२११८४९२.९६	८७१५१४३.९६	०	८७१५१४३.९६	११४७८१८४.१०	०	११४७८१८४.१०
धरौटी		०	८६०२८०३.५५	०	८६०२८०३.५५	४५९४२०४.००	०	४५९४२०४.००
भुक्तानी (ग + घ)		५५६९८१४९२.९६	४६३७४३७४१.७७		४६३७४३७४१.७७	४६८४५०२७५.२०		४६८४५०२७५.२०
ग. भुक्तानी (सञ्चित कोषबाट)		५४४८६३०००.००	४४८१९४५२३.८१		४४८१९४५२३.८१	४५५९८१२४२.९९		४५५९८१२४२.९९
२१००० पारिश्रमिक / सुविधा	१८	१७१२४१०००.००	१६४३५१२२८.५६	०	१६४३५१२२८.५६	१५४७०००९३.४२	०	१५४७०००९३.४२
२२००० मालसामान तथा सेवाको उपयोग	१८	१६१४६०४४५.००	११९०३२६५७.३२	०	११९०३२६५७.३२	११६५७१९२९.५७	०	११६५७१९२९.५७
२५००० सहायता (Subsidy)	१८	१००००००.००	४१९६१४.००	०	४१९६१४.००	१५६०००.००	०	१५६०००.००
२६००० अनुदान	१८	८०२५०००.००	७३८९३४३.००	०	७३८९३४३.००	१०००००.००	०	१०००००.००
२७००० सामाजिक सुरक्षा	१८	१२५००००.००	११८१९८०.००	०	११८१९८०.००	२९९४३१.००	०	२९९४३१.००
२८००० अन्य खर्च	१८	७५०५५५.००	४५६२६५.००	०	४५६२६५.००	१२५८९१०.००	०	१२५८९१०.००
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	२०११३६०००.००	१५५३६३४३५.९३	०	१५५३६३४३५.९३	१८२८९४८७९.००	०	१८२८९४८७९.००
घ. अन्य भूक्तानी		१२११८४९२.९६	१५५४९२१७.९६		१५५४९२१७.९६	४६८४५०२७५.२०		४६८४५०२७५.२०
कोषहरु		१२११८४९२.९६	८१५९१५२.९६	०	८१५९१५२.९६	७८८२१९२.२१	०	७८८२१९२.२१
धरौटी		०	७३९१२६५.००	०	७३९१२६५.००	४५८६८४०.००	०	४५८६८४०.००
कट्टी रकम भुक्तानी / दाखिला गर्न बाकी			-१२००.००		-१२००.००			
ङ. यो वर्षको बचत (न्युन)			(६०२५१६७६.८३)		(६०२५१६७६.८३)	५७९३३४८६.५६		५७९३३४८६.५६
च. गतवर्षको जिम्मेवारी रकम (अ . ल्या)			९८५१३६९६.२३		९८५१३६९६.२३	४०५८०२०९.६७		४०५८०२०९.६७
वर्षान्तको बाकी रकम (ङ + च)			३८२६२०१९.४०		३८२६२०१९.४०	९८५१३६९६.२३		९८५१३६९६.२३
बैंक तथा नगद बाकी	२४		८३६४७४२८.८४		८३६४७४२८.८४	९५१५७९९७.५३		९५१५७९९७.५३

संघीय सरकार र प्रदेश सरकार तर्फको C-GAS मार्फत आम्दानी र खर्चको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

		आयतर्फ	सि.नं		व्ययतर्फ
सि.नं	विवरण	रकम		विवरण	रकम
१	संघीय तर्फ सामाजिक सुरक्षा तथा संरक्षण निकासा	१०४३६५६३३।०	१	संघीय सामाजिक सुरक्षा तथा संरक्षण खर्च	१०४३६५६३३।०
२	संघीय तर्फ गरिवसंग विश्वेश्वर कार्यक्रम	४४३४४३।०	२	संघीय गरिवसंग विश्वेश्वर कार्यक्रम	४४३४४३।०
३	संघीयतर्फ एकिकृत स्वास्थ्य पुर्वाधार	८४५३५३९८।०	३	संघीय एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम	८४५३५३९८।०
	जम्मा	१८,९३,४४,४७४।०		जम्मा	१८,९३,४४,४७४।०